'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : २३ | मंगलबार ०१ असोज, २०८१ | 17 (Tuesday) September 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

# बाँकेमा रगतको अभाव, माग धान्नै मुस्किल

• नमस्ते समचारदाता
बाँके, भदौ/३१



बाँकेमा रगतको अभाव हटाउन दिनहुँजसो रक्तदान हुन थालेको छ। मौज्दात नहुँदा अभाव देखिन थालेपछि विभिन्न सङ्घसंस्थाको अग्रसरतामा रक्तदान हुन थालेको नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र नेपालगञ्जले जनाएको छ। 'अहिले तत्काल रगतको अभाव नभए पनि विभिन्न सङ्घसंस्थाले कार्यक्रम नगर्दा समस्या आउने देखिएको छ, त्यसैले रक्तदान भइरहेको छ', केन्द्रका प्रमुख उपेन्द्र रेग्मीले भने। रेडक्रसका खजुरा, कोहलपुर, नेपालगञ्ज कार्यालयबाट दैनिक ७० देखि ८० पिन्ट रगतको माग हुने गरेको उनले बताए। जिल्लामा सिकलसेल, थालसेमिया लगायत बिरामीलाई रगत आवश्यक पर्ने भएका कारण बाँकेमा रगतको मागअनुसार आपूर्ति नभएको उनको भनाइ छ। विभिन्न सङ्घसंस्थाले रक्तदान कार्यक्रम गर्ने जानकारी दिएकाले केही दिन माग धान्न सकिने जानकारी दिँदै प्रमुख रेग्मीले विभिन्न समूहको गरी करिब ५० पिन्ट बढी रगत मौज्दातमा नरहेको बताए। जिल्लाका विभिन्न अस्पतालमा सोभन्दा बढी रगत आवश्यक पर्ने गरेकाले पूरा गर्न नसकिने हुँदा समस्या चर्किँदै गएको बताइएको छ। यही असोज ४ गते विभिन्न संघसंस्थाका प्रतिनिधिले रक्तदान गर्न लागेका छन्। रक्तदान गर्नेले केन्द्रमा आवश्यक समूहको रगत नरहेमा रक्तदान गर्दा पनि माग गरेको समूहका रगत पाउने अवस्था नरहेको बताइएको छ। यसले सामाजिक सञ्जालमा पछिल्ला दिनमा रगत समूह उल्लेख गरेर रक्तदानको आह्वान गरिएको रक्तसञ्चार केन्द्रले जनाएको छ। त्रैमासिक रूपमा रक्तदान कार्यक्रमको आयोजना गर्दै आएका पूर्णलाल चुकेले रक्तसञ्चार केन्द्र पुग्दा रगतको अभाव रहेको बताए। केही दिनअघि मात्र रक्तदान कार्यक्रम गरेर ४० पिन्ट रगत संकलन गरेको उनले जानकारी दिए।

# धनगढी उपमहानगरले सञ्चालनमा ल्यायो नगर बस

• नमस्ते समचारदाता
धनगढी, भदौ/३१




धनगढी उपमहानगरपालिकाले नगर बस सेवाको सञ्चालनमा ल्याएको छ। आइतबार धनगढी उपमहानगरपालिका -१९ को फुलबारी बसपार्कमा औपचारिक कार्यक्रम आयोजना गरेर उपमहानगरपालिकाले नगर बस सेवा सञ्चालनमा ल्याएको हो। नगर उपप्रमुख कन्दकला रानाले हरियो रंगको झन्डा देखाएर नगर बस सेवाको विधिवत् रुपमा उद्घाटन गरिन्। कार्यक्रमलाई सम्बोधन गर्दै धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले फुलबारी सहितका ग्रामीण बस्तीबाट सहज र सुलभ यातायात सेवा सञ्चालन नहुँदा आम नागरिकले भोग्नु परेको समस्यालाई मध्यनजर गर्दै नगर बस सेवा सञ्चालनमा ल्याइएको हमालले बताए। विद्युतीय बस सेवा सञ्चालन गर्ने उद्देश्य सहित फुलबारी बसपार्कमा चार्जिङ स्टेशन स्थापना गरिएको तर विभिन्न कारणले विद्युतीय बस सेवा सञ्चालन गर्न नसकिएको उनको भनाइ छ। तत्कालीन समयमा आफूले दिनेश ट्राभल्स सञ्चालन गरेका बेला फुलबारीका नागरिक बस चलाउन माग गर्दै डेलिकेशन गरेको कुरा स्मरण गर्दै नगर प्रमुख हमालले नगर बस सेवाले उक्त अभाव पूर्ति गर्ने विश्वास व्यक्त गरेका छन्। उपमहानगरपालिकासँग भएको स्रोत, साधन र क्षमता अनुसार नगरवासीका विभिन्न अभाव पूर्ति गर्ने प्रयास गरिने उनको भनाइ थियो। नगर बस सेवापछि फुलबारीका नागरिकलाई घर, आँगनमै स्वास्थ्य प्रदान गर्ने उद्देश्यले अस्पताल निर्माण गर्ने योजना उपमहानगरपालिकाको रहेको बताउँदै हमालले त्यसमा सबैलाई सहयोग गर्न आग्रह समेत गरेका छन्।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# सहकारी छानबिन समितिले संसद्लाई बुझायो प्रतिवेदन

• नमस्ते समचारदाता
काठमाडौं, भदौ/३१



सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिका सभापति सूर्य थापाले कार्यादेशअनुसार तयार पारेको प्रतिवेदन संसद्लाई बुझाएका छन्। सोमबारको प्रतिनिधिसभा बैठकमा सभापति थापाले प्रतिवेदन संसद्लाई बुझाएका हुन्। उनले समितिमा परेका उजुरीका आधारमा समस्याको जरैदेखि तथ्य जानकारी लिएर सम्पादन गरेको समेत बताए। थापाले त्यसक्रममा ५६ वटा बैठक बसेको र पछिल्लो बैठकमा प्रधानमन्त्री आफै उपस्थित भएर सहकारी समस्या समाधानमा प्रतिबद्धता जनाएको बताए। उनले ४५१ जनासँग छलफल गरेको, ४७ जना सहकारी सञ्चालकसहित अन्य ८ जनासहित ५५ जनासँग सोधपुछ गरेको बताए। प्रतिनिधिसभाको जेठ १५ गते बसेको बैठकले नेकपा (एमाले) सांसद सूर्य थापाको नेतृत्वमा विशेष समिति गठन गरेको थियो। समितिमा एमालेबाट सरिता भुसाल, नेपाली काङ्ग्रेसबाट बद्री पाण्डे र ईश्वरीदेवी न्यौपाने, नेकपा (माओवादी केन्द्र) बाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका ध्रुव बहादुर प्रधान सदस्य रहेका छन्। समितिले ४० वटा सहकारीको वित्तीय विश्लेषण गरेको सभापति थापाले संसद्लाई जानकारी गराएका छन्। उनले कार्यादेशमा रहेर महत्वपूर्ण १४ वटा सुझाव पेस गरेको भन्दै सहकारी क्षेत्र धर्मराए पनि प्रचुर सम्भावना रहेको बताए। उनले सहकारी क्षेत्रमा 'फेक' ऋणी कायम गर्ने प्रवृत्ति रहेको भन्दै कानुनविपरित हुने काम बन्द गर्न सक्नुपर्नेमा जोड दिएका छन्। प्रतिवेदनले सिफारिस गरेका विषयहरू सरकारलाई कार्यान्वयनमा लैजान संसदबाटै निर्देशन दिन सभापति थापाले माग गरे। थापाले सहकारी क्षेत्रमा मडारिएको कालो बादल प्रतिवेदनले फाँटने विश्वास व्यक्त गरेका छन्।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

# डिजिटल दुनियाँको प्रभाव

धर्मराज भट्टराई

अहिले मानिसको दिनचर्यामा सबैभन्दा बढी प्रभाव डिजिटल उपकरणले पारेको देखिन्छ । इन्टरनेट र सामाजिक सञ्जाल जस्ता डिजिटल दुनियाँबिना अधिकांशको दैनिकी नै चलाउन गाह्रो बन्दै गएको छ । मानिसको आधारभूत आवश्यकता जस्तै बन्दै गएको डिजिटल दुनियाँका कतिपय फाइदा पनि होलान् तर पछिल्लो समय यसले सिर्जना गरेको समस्या पनि विकराल बन्दै छन् । विशेष गरी, युवापुस्तामा डिजिटल उपकरणहरूको लत बस्दै जाँदा यसले समस्या सिर्जना गरेको छ। अन्य नशालु पदार्थहरूको सेवन गरेसरी युवा यसको लतमा फसेका छन् । यसबाट उम्किन उनीहरूलाई गाह्रो बन्दै गएको छ। यस्ता उपकरणको अत्यधिक प्रयोग गर्दा विभिन्न किसिमका मानसिक, शारीरिक एवं स्वास्थ्यसँग सम्बन्धित समस्या देखा पर्न थालेका छन् । सूचना तथा सञ्चार प्रविधिको विकास विगत २० वर्षको अवधिमा द्रुतगतिमा बढ्दै गएको देखिन्छ । त्यसअघि चिठीपत्र र टेलिफोनमार्फत सूचना तथा जानकारीहरू आदानप्रदान हुँदै आएकोमा इन्टरनेटको विकासले यसको स्वरूपमा ठूलो परिवर्तन गरिदियो। सन् १९८० को दशकमा जब इन्टरनेट सुरु भयो, यसले सञ्चारको नयाँ युगको प्रतिनिधित्व गर्‍यो । अझ सामाजिक सञ्जाल र स्मार्टफोनको उदयपश्चात् यसको प्रयोगलाई अझ व्यापक बनाउँदै लग्यो । फेसबुक, इन्स्टाग्राम, स्न्यापच्याट, टिकटक, भाइबर, एक्स (ट्विटर), ह्वाट्सएप, युट्युब जस्ता सामाजिक सञ्जाल प्रयोगमार्फत जानकारी, विचार र अभिव्यक्ति आदानप्रदान हुन थालेपछि यसको स्वरूप बृहत् हुन पुग्यो । सामाजिक सञ्जालमार्फत छिटो एवं छरितो रूपमा देशविदेशका सूचना तथा जानकारीको आदानप्रदान हुने, सहज रूपमा साथीभाइ, घरपरिवार एवं आफन्तसँग सम्पर्क गर्न मिल्ने, आफ्ना सिर्जना र कलाकौशल सहज रूपमा पस्किन मिल्ने तथा व्यापार व्यवसायमा समेत सहयोगी देखिएकाले सुरुका दिनमा यसको प्रयोगलाई सकारात्मक दृष्टिकोणले हेर्न थालियो तर जब यसको प्रयोग आवश्यकताभन्दा बढी हुँदै गयो र दुरुपयोगसमेत हुन थालेपछि नकारात्मक प्रभावहरू देखिन थाले । अहिले अधिकांश मानिसको दिनचर्या सामाजिक सञ्जालबाट सुरु भएर यसैमा अन्त्य हुने गरेको देखिन्छ। बिहान उठेदेखि नसुत्दासम्म यसैमा रमाइरहेको देखिन्छ । विशेष गरी, युवापुस्ता यसैमा बढी झुम्मिरहेको पाइन्छ। स्मार्टफोन, कम्प्युटर, ल्यापटप र अन्य यस्तै डिजिटल उपकरणमा युवापुस्ताले लामो समय बिताउने गरेका छन् । पछिल्ला विभिन्न अनुसन्धानले दुईदेखि तीन घण्टासम्म लगातार स्क्रिनमा बिताउने व्यक्तिमा अन्य व्यक्तिको तुलनामा दुई गुणा बढी डिप्रेसन र एन्जाइटीको समस्या हुन सक्ने सम्भावना देखाएको छ। यस्ता व्यक्तिमा मानसिक स्वास्थ्य समस्या हुने जोखिम उच्च रहेको बताइएको छ । मानसिक स्वास्थ्यले व्यक्तिको मनोवैज्ञानिक, संवेगात्मक तथा सामाजिक तन्दुरुस्तीलाई बुझाउँछ । डिप्रेसनको समस्या भएका व्यक्तिमा यो तन्दुरुस्ती देखिँदैन । यस्ता व्यक्ति कोहीसँग बोल्न मन नगर्ने, एक्लै एकान्तमा बस्न खोज्ने, खान मन नगर्ने, निद्रा नलाग्ने, धेरै सोच्ने, अल्छी हुने, रुचि लागेका काममा रुचि घटाउँदै लाने, नकारात्मक मात्र सोच्ने, छिटो झनक्क रिसाउने जस्ता सङ्केत देखिने गरेका छन् । यसलाई डिजिटल डिप्रेसनको संज्ञा दिइएको छ । यसका केही उदाहरण हाम्रा छरछिमेक एवं विद्यालयमा समेत देखिने गरेका छन् । पछिल्लो समय फेसबुक, इन्स्टाग्राम, टिकटक जस्ता सामाजिक सञ्जालमा सम्प्रेषित सामाग्रीले प्रयोगकर्ताको सोचाइ, बुझाइ, व्यवहारमा गहिरो प्रभाव पारेको देखिन्छ । साथीभाइ, छरछिमेक एवं आफन्तद्वारा सम्प्रेषण गरिएका सामाग्रीको सत्यताको खोजी नगरी, जे देख्यो त्यसैलाई सत्य मान्ने प्रचलन छ। यसले उनीहरूलाई दुःखी बनाएको देखिन्छ। कतिपयले सम्प्रेषित सामग्रीलाई आफ्नो जीवनशैलीसँग तुलना गर्दै आफू अरूभन्दा पछि परेको अनुभूति गर्ने गरेको पाइन्छ । विशेष गरी, नेपालमा बस्ने युवा बेरोजगारी, घरेलु समस्या, विभिन्न आर्थिक, सामाजिक एवं राजनीतिक कारणले नैराश्य देखिएका छन्। यस्तो अवस्थामा आफूसँगै पढेका तथा एउटै उमेरका साथीभाइको सामाजिक सञ्जालमा देखिएको जीवनशैलीले उनीहरूलाई समेत छिटोभन्दा छिटो सफल हुने हतार देखिन्छ । छिटो सफलता प्राप्त गर्ने लोभले कतिपय ठगिने गरेका घटनासमेत बाहिर आएका छन् । आफूले सोचे अनुसारको हुन नसकेपछि उनीहरू खिन्न देखिन्छन्। यसै गरी कसैको चरित्र हत्या गर्ने, गाली बेइज्जती गर्ने, सामाजिक एवं राजनीतिक अशान्तिका घटनाक्रमसँग सम्बन्धित सम्प्रेषित सामग्रीले समेत उनीहरूलाई चिन्तित तुल्याएको छ । व्यक्ति लामो समय स्क्रिनमा बस्दा आँखा मात्र व्यस्त भएको देखिए पनि प्रयोगकर्ताको मनमस्तिष्कलाई समेत यसले नियन्त्रण गरेको हुन्छ । यसले उसको परिवार, आफन्त तथा मित्रजनबाट बिस्तारै टाढा लगेको उसलाई महसुस नै हुँदैन । उता आर्टिफिसिल इन्टेलिजन्स (एआई) ले इन्टरनेटको संसारमा प्रयोगकर्ताको इच्छा एवं रुचि अनुसारका सामग्री उपलब्ध गराएर मन्त्रमुग्ध पार्न सफल भएको देखिन्छ । यसले लामो समय व्यक्तिलाई डिजिटल दुनियाँमा रमाउन मद्दत गरेको छ । यसरी रमाउने बानीले मानिसलाई बाहिरी दुनियाँबाट अलग गर्दै लगेको देखिन्छ । जब मानिस एक्लो हुँदै जान्छ, उसमा मानसिक समस्या देखा पर्न थाल्छ । आफ्ना समस्या अरूलाई भन्न हिच्किचाउने, आफू मात्र सही हो भन्ने भावना जाग्ने र अटेरी स्वभावले व्यक्तिमा डिप्रेसनको सम्भावना बढ्दै गएको देखिन्छ । आफ्नो मनोभावनालाई नियन्त्रण गर्न नसक्दा दिमागले विभिन्न नकारात्मक कुरामा प्रोत्साहन गरेको देखिन्छ । यसपछि कतिपयले अप्रिय कदमसमेत चालेका घटना सुनेका वा देखेका छौँ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले आव २०८०/८१ मा भएको आत्महत्या घटनाको तथ्याङ्क भर्खरै सार्वजनिक गरेको छ, जस अनुसार नेपालमा गत आवमा सात हजार २२३ जनाले आत्महत्या गरेका छन्। नेपालमा ६.५ प्रतिशत वयस्क र ३.९ प्रतिशत किशोरकिशोरीले आत्महत्या गर्ने सोच राख्ने गरेको प्रतिवेदनमा उल्लेख छ । यसमा एउटा प्रमुख कारण मानसिक रोगसमेत परेको छ, जसमा डिजिटल क्षेत्रको समेत महत्वपूर्ण भूमिका देखिन्छ । यसै गरी, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को तथ्याङ्क हेर्दा विश्वभरका किशोर किशोरी मानसिक स्वास्थ्य समस्याको जोखिममा छन्। १० देखि १९ वर्षमध्येका हरेक सात जनामा एक जनाले मानसिक स्वास्थ्य समस्या अनुभव गरेका हुन्छन्, जुन यस उमेर समूहमा १३ प्रतिशत हो । डब्लुएचओका अनुसार १० देखि १४ वर्षका ३.६ प्रतिशत र १५-१९ वर्षका ४.६ प्रतिशतले चिन्ता विकार अर्थात् एन्जाइटी डिसअर्डरको अनुभव गर्छन् । त्यस्तै, १० देखि १४ वर्षका १.१ प्रतिशत र १५ देखि १९ वर्षका २.८ प्रतिशतमा डिप्रेसन हुने अनुमान गरिएको छ । युवा अवस्थामा हुने बिरामी र अपाङ्गताको प्रमुख कारणमा डिप्रेसन, चिन्ता र व्यवहारगत विकार पर्ने गरेको बताइएको छ । युवा अवस्था जीवनकालको अद्वितीय र महत्वपूर्ण समय हो । यो अवस्थामा विकसित मानसिक स्थिति, सामाजिक र भावनात्मक अवधारणाले उनीहरूको भविष्य सुनिश्चित गर्ने गर्छ । युवा मुलुकको भविष्यका कर्णधार हुन् । यसै कारण मुलुकको भविष्यसमेत उनीहरूमै निर्भर हुन्छ। देशका युवा शारीरिक एवं मानसिक रूपमा स्वस्थ, सक्षम एवं उत्पादनशील भए मात्र मुलुकमा सकारात्मक परिवर्तनको आशा गर्न सकिन्छ । यसै कारण डिजिटल दुनियाँको कुलतबाट युवालाई टाढा राख्नु पर्ने आवश्यकता देखिन्छ। यसका लागि युवा स्वयम्लाई जिम्मेवार बनाउनुपर्ने आवश्यक देखिन्छ । उनीहरूलाई डिजिटल क्षेत्रका सकारात्मक एवं नकारात्मक पक्षबारे सुसूचित गराउन अभिभावक र समाजको समेत महत्वपूर्ण भूमिका देखिन्छ । सरकारले ल्याएको सामाजिक सञ्जाल नियमन कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट यो समस्या केही हदसम्म न्यूनीकरण गर्न सकिने अनुमान गरिएको छ । यसबाहेक अन्य आवश्यक नीति तथा कार्यक्रमको तर्जुमाका लागि गृहकार्य गर्नुपर्ने देखिएको छ । यसै गरी मुलुकभित्रै रोजगारीको सिर्जना गर्दै युवालाई देश विकासमा अनिवार्य सहभागिताको अवधारणा अघि सार्नुपर्ने आवश्यकता छ । हरेक क्षेत्रका आआफ्नै गुण र दोष भए जस्तै डिजिटल क्षेत्रका समेत लाभ र हानिलाई पहिल्याउन सक्नुपर्ने आवश्यकता देखिन्छ। नयाँ नयाँ खोज एवं आविष्कारका सूचना प्राप्त गर्न, अध्ययन अध्यापन तथा खोज अनुसन्धानमा सहयोग पुऱ्याउन, पुराना सम्बन्धलाई ताजा बनाई राख्न, टाढा रहेका आफन्त, साथीभाइ तथा छरछिमेकलाई नजिक ल्याउन, सुख सबैसँग बाँड्न, दुःखमा सहारा बटुल्न आदिका लागि सामाजिक सञ्जाल एउटा माध्यम बन्न सक्नेमा दुईमत छैन ।

*-गोरखापत्र*



● धर्मराज भट्टराई

व्यक्ति लामो समय स्क्रिनमा बस्दा आँखा मात्र व्यस्त भएको देखिए पनि प्रयोगकर्ताको मनमस्तिष्कलाई समेत यसले नियन्त्रण गरेको हुन्छ। यसले उसको परिवार, आफन्त तथा मित्रजनबाट बिस्तारै टाढा लगेको उसलाई महसुस नै हुँदैन। उता आर्टिफिसिल इन्टेलिजन्स (एआई) ले इन्टरनेटको संसारमा प्रयोगकर्ताको इच्छा एवं रुचि अनुसारका सामग्री उपलब्ध गराएर मन्त्रमुग्ध पार्न सफल भएको देखिन्छ। यसले लामो समय व्यक्तिलाई डिजिटल दुनियाँमा रमाउन मद्दत गरेको छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# सुदूरपश्चिम सरकारले ल्यायो साढे ३१ अर्बको बजेट



• नमस्ते समचारदाता
धनगढी, भदौ/३१

सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/०८२ का लागि कुल ३१ अर्ब ६२ करोड ९८ लाख ५८ हजार रुपैयाँको बजेट ल्याएको छ । सोमबार प्रदेश आर्थिक मामिला मन्त्री बहादुर सिंह थापाले पुँजीगततर्फ १८ अर्ब ७६ करोड २४ लाख २३ हजार विनियोजन गरिएको जानकारी दिए । त्यस्तै चालु १२ अर्ब ८५ करोड ७४ लाख पाँच हजार वनियोजित गरिएको घोषणा गरे । त्यस्तै वित्तीय व्यवस्थातर्फ रु. १ करोड हुने गरी विनियोजन भएको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रु. एक अर्ब ६० करोड ७० लाख १५ हजार, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रकम रु ९ अर्ब ९९ करोड १९ लाख, संघीय रोयल्टी बाँडफाँट भै प्राप्त हुने रु ४ करोड ४० लाख ५५ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ८ अर्ब ७२ करोड रहेको छ। चालू आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम रु. ६ अर्ब १५ करोड ८३ लाख, ससर्त अनुदानबाट प्राप्त हुने रु. ३ अर्ब १३ करोड ३४ लाख, संघीय समपूरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. १ अर्ब ४२ करोड र विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. ५५ करोड ६० लाख प्राप्त हुने अनुमान गरेको अर्थमन्त्री थापाले घोषणा गरेका छन् । यसअघि असार १ गते चालु आर्थिक वर्षका लागि कुल ३१ अर्ब ६२ करोड ९८ लाख ५८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको थियो । यद्यपी सत्तागठबन्धन फेरबदलसँगै यो बजेट सभाबाट पारित हुन सकेको थिएन् । सोमबार नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीले बैठक बहिष्कार गर्दासमेत सभामुख भीमबहादुर भण्डारीले सभाको कारबाही अघि बढाएका थिए ।

# लुम्बिनी प्रदेशः निजामती सेवा ऐन संशोधन विधेयक पारित

• नमस्ते समचारदाता
दाङ, भदौ/३१




लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० लाई संसोधन गर्न बनेको विधेयक पारित भएको छ । प्रदेश सभाको सोमबार बसेको चौथो अधिवेशनको ३५ औं बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यको तर्फबाट भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले पेश गरेको प्रस्ताव सर्वसम्मत पारित गरेको हो । प्रदेश सभाको गत शुक्रवार बसेको बैठकमा पेश भएको संशोधन विधेकमा ५ वटा संशोधन परेका थिए । परेका संशोधनलाई शुक्रवारै बसेको दोस्रो बैठकले प्रदेश मामिला तथा कानून समितिमा छलफलका लागि पठाउने निर्णय गरेको थियो । समिति सभापति दिलकुमारी बुढाको संयोजकत्वमा रहेको समितिले दफावार छलफल पछि प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको प्रतिवेदन सहितको विधेयक प्रदेशसभाको आज बसेको पहिलो बैकमा पेश गरेकी थिइन् । २०८० असारको २२ गते प्रदेश सभामा पेश भएको प्रदेश निजामती कर्मचारी विधेयक भदौ २२ गते प्रदेश सभाबाट पारित भएको थियो । यो विधेयकलाई प्रदेश प्रमुखले मंसिर २१ गते प्रमाणिकरण गरेका थिए । यसैबीच, लुम्बिनी प्रदेशसभाको चौथो अधिवेशन अन्त्यका लागि लुम्बिनी प्रदेश सरकारले प्रदेश प्रमुखलाई सिफारीस गरेको छ । लुम्बिनी प्रदेश सरकारको सोमवार बसेको बैठकले अधिवेशन अन्त्यका लागि प्रमुख समक्ष सिफारीस गर्ने निर्णय गरेको हो । लुम्बिनी प्रदेशसभाको वर्षे अधिवेशनमा ३५ वटा बैठक बसे भने प्रदेशसभाबाट स्थानिय सेवा विधेयक, विपद व्यवस्थापन विधेयक, प्रदेश निजामती कर्मचारी संशोधन विधेयक र आर्थिक वर्ष २०८१ र ०८२ को वजेट खर्च गर्नका लागि बनेको विनियोजन विधेयक पारित गरेको छ।

# ५३ दिन चलेर अन्त्य भयो संसदको चालू अधिवेशन

• नमस्ते समचारदाता
काठमाडौं, भदौ/३१

संघीय संसदको दुवै सदनको चालु अधिवेशन अन्त्य गरिएको छ । प्रतिनिधिसभाको आजको बैठकमा राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँदै सभामुख देवराज घिमिरेले प्रतिनिधि सभाको चालु चौथो अधिवेशन अन्त्य हुने बताए । सभामुख घिमिरेले प्रनिनिधिसभाको चालु चौथो अवधिभर भए-गरेका काम कारबाहीको विवरण आजको बैठकमा सुनाएका थिए । प्रतिनिधिसभाको चौथो अधिवेशन २०८१ वैशाख २८ गते प्रारम्भ भई २०८१ भदौ ३१ गतेसम्म एक सय ३० दिन चलेको छ । जसमध्ये ५३ दिनमा ५६ पटक बैठक बस्दा दुई सय ६ घण्टा २५ मिनेट समय संसदीय काम कारबाहीमा व्यतित भएको सभामुख घिमिरेले बताए ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस्:



आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

**सूचना ! सूचना !! सूचना !!!**

मिति : २०८१/०५/३० गते

उपरोक्त विषयका सम्बन्धमा यस हिमाली गाउँ कार्यपालिकाको मिति २०८१/०५/२९ गतेको गाउँ शिक्षा समितिको निर्णयानुसार तपशिल बमोजिमको तह तथा विषयमा खुला प्रतियोगितात्मक परीक्षा मार्फत सेवा संघीय शिक्षण अनुदान शिक्षक करारमा पदपूर्ती गर्नुपर्ने भएकाले ईच्छुक योग्य तथा दक्ष नेपाली नागरिकहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र यस गाउँपालिकाको कार्यालयको कार्यालय समय भित्र रीतपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै म्याद नाघिसकेपछि प्राप्त भएको दरखास्त उपर कुनै कारबाही हुने छैन ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | तह | विषय | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा-१/२०८१/०८२ | मा.वि. | अंग्रेजी | ३ जना | ३०००/- | जम्मा ८ जना |
| २ | शिक्षा-२/२०८१/०८२ | मा.वि. | गणित | ४ जना | | |
| ३ | शिक्षा-३/२०८१/०८२ | मा.वि. | विज्ञान | १ जना | | |
| ४ | शिक्षा-४/२०८१/०८२ | नि.मा.वि. | अंग्रेज़ी | ९ जना | २०००/- | जम्मा १२ जना |
| ५ | शिक्षा-५/२०८१/०८२ | नि.मा.वि. | गणित/विज्ञान | ३ जना | | |

आवश्यक शैक्षिक योग्यता :
१. मा.वि. तहका लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने ।
२. नि.मा.वि. तहका लागि सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने ।

अन्य आवश्यक कागजातहरु
- शिक्षण अध्यापन अनुमतिपत्रको प्रतिलिपी ।
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- शैक्षिक योग्यताका प्रमाण-पत्रको प्रतिलिपी ।
- पासपोर्ट साइज फोटो २ प्रति ।

परीक्षाको किसिमः- लिखित तथा मौखिक ।
परीक्षा केन्द्रः- हिमाली गाउँपालिका कार्यालय धुलाचौर, बाजुरा ।
दरखास्त दिने अन्तिम मितिः- २०८१/०६/१३ गते कार्यालय समय भित्र ।
तलब स्केलः- गाउँपालिकाको निर्णयानुसार ।
*पुनश्चः- परीक्षाको मिति र समय दरखास्त मिति सकिएको भोलिपल्ट तोकिने छ ।*
*बोधार्थः- श्री सूचना प्रविधि शाखा : website मा upload गरिदिनुहुन ।*

नि. प्रमुख प्रशासकिय अधिकृत

# नेपालगन्ज सहरलाई हरियो बनाउने अभियान सुरु



• नमस्ते समचारदाता
नेपालगन्ज, भदौ/३१

नेपालगन्जका मुख्य सडकमा जकरान्दा फूलका बिरुवा रोपेर सहरलाई हरियो, सफा र स्वच्छ बनाउने अभियान सुरु गरिएको छ। बाँके जिल्लाका हरित अभियन्ताले नेपालगन्ज बजारको मुख्य सडक रत्न राजमार्गस्थित सडकमा जकरान्दा फूलका बिरुवा रोपी हरियो सहर बनाउने अभियान सुरु गरेका हुन्। हरित अभियन्ता प्लाष्टिक सर्जन डा. विनोद कर्णले अहिले रोपेका यी जकरान्दालाई संरक्षण गर्न सकेमा सडकलाई मात्र नभई सहरलाई नै सुन्दर बनाउने बताउनुभयो। उहाँले सहरको सुन्दरतालले पनि त्यो सहरको पहिचान निर्माण गर्ने जनाउँदै नेपालगन्जलाई नमुना हरियो सहर बनाउने उद्देश्य रहेको बताए। डा. कर्णसहित वन तथा प्रकृति संरक्षणका क्षेत्रमा क्रियाशील बिन्दु घर्तीमगर, ऋषिराज देवकोटा, वसन्ती खड्कालगायतका अभियन्ता सडक आसपासमा जकरान्दाको बिरुवा लगाउन खटिएका छन्। नेपालगन्ज उपमहानगरका मेयर प्रशान्त विष्टको नेतृत्वमा नेपालगन्ज उपमहानगरपालिका -७ रानीतलाउमा छ वटा जकरान्दाको बिरुवा रोपिएको हरित अभियन्ता डा. कर्णले जानकारी दिए। उनका अनुसार सरकारी कार्यालयलाई हराभरा र सुन्दर बनाउने उद्देश्यले वडा नं १ कार्यालय परिसरमा नौ वटा जकरान्दाका बिरुवा रोपिएका छन्। त्यसैगरी वडा नं २० को भीमसेन मन्दिरमा पनि जकरान्दाका छ वटा बिरुवा लगाइएको छ। नेपालगन्ज सहरलाई हरियाली बनाउन २०७२ सालदेखि विभिन्न प्रजातिका फूलका बिरुवा लगाउन सुरु गरिएको हो। लगाइएको बिरुवामध्ये ७० देखि ८० प्रतिशत बिरुवा हुर्किएको हरित अभियन्ता डा कर्णको भनाइ छ।

# जुम्लाको तातोपानी गाउँपालिकामा जल–जंगल परियोजना लागू

• नमस्ते समचारदाता
जुम्ला, भदौ/३१



जुम्ला जिल्लाको तातोपानी गाउँपालिकामा युएसएआइडीको जल जंगल परियोजना लागु भएको छ। पारिस्थिकीय प्रणाली तथा वन्यजन्तुमाथि हुने जोखिम घटाइ प्रकृति संरक्षण र सुरक्षित भविष्य सहितको समृद्धि सुनिश्चित गर्ने लक्ष्यसहित परियोजना लागू हुने भएको हो। पारिस्थितिक प्रणालीको स्वास्थ्य सुधार, वातावरणीय अपराध नियन्त्रण तथा प्राकृतिक स्रोत सुरक्षा र जलवायु उद्यानशीलता अभिवृद्धिमा सहयोग पुर्याउने उद्देश्यसहित जल-जंगल परियोजना सञ्चालन हुनेछ। गोष्ठीमा बोल्दै तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले गाउँपालिका र परियोजनाबीच तातोपानीको अवस्था सुधारका लागि काम गरिने बताएका थिए। जल-जंगल परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत भरत चौलागाईले परियोजनाका देशभर चार वटा भू-परिधि क्षेत्रमा सञ्चालन भइरहेको छ। उनका अनुसार चितवन अन्नपूर्ण, तराई, कर्णाली र पवित्र कैलाश भू-परिधि हुन्। तीमध्येको एक कर्णाली हो। सोही अन्तर्गत यो परियोजना तातोपानीपनि लागू हुने उनले बताए। डिएआई, रूपान्तरण, एनसाब र सिएमडिएन परियोजनाका साझेदार संस्थाका रूपमा रहेका छन्। सो अवसरमा जलवायु, प्रकोप र अपांगताको विषयमा परियोजनाकी वरिष्ठ गेष्ट अधिकृत शारदा शेर्पाले पनि प्रशिक्षण दिएकी थिइन्। यसैबीच सोमबार तातोपानी गाउँपालिकामा युएसएआइडी जल जंगल प्राकृतिक स्रोत व्यवस्थापनमा महिला तथा जोखिममा परेकम समुदायको मुद्दा सम्बोधन गर्न बहु-सरोकारवालाबीचको संवाद गोष्ठी सम्पन्न भएको छ। परियोजनाले यसवर्ष गिडीदहको संक्षरणको योजना रहेको बताइएको छ। परियोजना सन २०२७ सम्म सञ्चालन हुनेछ।

# प्रदेश योजना आयोग लुम्बिनीको उपाध्यक्षमा अर्याल नियुक्त



• नमस्ते समचारदाता
बुटवल, भदौ/३१

प्रदेश योजना आयोग लुम्बिनीको उपाध्यक्षमा डिल्लीराज अर्याल नियुक्त भएका छन्। लुम्बिनी प्रदेश सरकारको सोमबार बसेको बैठकले उपाध्यक्षमा अर्यालसहित अन्य तिन सदस्य पनि नियुक्त गर्ने निर्णय गरेको छ। लुम्बिनी प्रदेश सरकारका प्रवक्ता एवं कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री दीनिश पन्थीका अनुसार सरकारले लुम्बिनी प्रदेश योजना आयोगको उपाध्यक्षमा गुल्मीको मालिका गाउँपालिका-८ निवासी अर्याल र सदस्यमा रोल्पा परिवर्तन गाउँपालिका-६ का सुदनकुमार वली, दाङ घोराही उपमहानगर पालिका-१६ का भुवन चौधरी र बुटवल उपमहानगरपालिका-१८ रूपन्देहीका शान्तादेवि ढकाललाई नियुक्त गर्ने निर्णय हो। त्यस्तै बैठकले दाङको शान्तिनगर गाउँपालिका-४ को केन्द्र चिराघाटबाट परिवर्तनगरी सोही गाउँपालिकाको वडा नं. ४ स्थित जुम्लेकुलामा तोक्न नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय पनि गरेको छ। गाउँपालिकाको १५ औं गाउँसभाको दुई तिहाई बहुमतबाट पालिकाको केन्द्र परिवर्तन गर्ने निर्णय भएपछि सरकारले सिफारिस गरेको हो। बैठकले गुल्मीको मुसिकोट नगरपालिका र जापानाको ओइता प्रिफेक्चर, बुङ्गोओनो सहरबीच भगिनी सम्बन्ध कायम गर्ने आवश्यक निर्णयका लागि पनि नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता पन्थीले बताए।


## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, यूवा, तथा खेलकुद शाखा)
धुलाचौर, बाजुरा

### लेखापरिक्षण सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/३० गते

उपरोक्त विषयका सम्बन्धमा यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको (आधारभूत/माध्यमिक) आ.व. २०८०/०८१ को लेखापरीक्षण गराउनु पर्ने भएकाले ईच्छुक नेपाल चार्टड एकाण्टेन्टस् संस्थाबाट मान्यता प्राप्त लेखापरीक्षकहरुले तपशिलका कागजातपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस गाउँपालिकामा लाग्ने व्यवसाय कर तिरी सूचीकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल
१. नेपाल चार्टड एकाण्टेन्टस् संस्थामा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपीहरु।
२. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रहरुको प्रतिलिपीहरु।
३. गाउँपालिकामा व्यवसाय कर तिरेको रसिदको प्रतिलिपी।
४. नेपाली नागरिकताको प्रमाण पत्रहरुको प्रतिलिपी।

बोधार्थ
श्री सूचना प्रविधि शाखा : website मा upload गरिदिनुहुन।

शिक्षा शाखा प्रमुख

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके